# स्थानीय तहको आर्थिक ऐन

## मनहरी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको संशोधित विधेयक

**प्रस्तावनाः** मनहरी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न मिति २०७७/०३/२५ गते सातौ गाउँसभावाट स्वीकृत भएको ऐनलाई आठौ गाउँसभावाट संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मनहरी गाउँ सभाले यो संशोधित ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७७ पहिलो संशोधन ” रहेको छ ।

(२) यो ऐन २०७७ साल फागुन १७ देखि मनहरी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

२.१ दफा २ मा जे सुकै कुरा उल्लेख गरेको भएतापनि तपशिल अनुसारका सेवा वडा कार्यालयहरुवाट प्रदान गर्दा वडा कार्यालयले निशुल्क प्रदान गर्न सक्नेछ ।

क. विद्याथी छात्रवृत्ती सम्वन्धी सिफारिस

ख. माथिल्लो निकायमा पठाउने योजना माग, संझौता तथा फरफारक सम्वन्धी सिफारिस

ग. सुकुम्वासी दर्ता तथा प्रमाणिकरण सम्वन्धी सिफारिस

घ. स्वास्थ्य उपचार तथा आर्थिक सहायता माग सम्वन्धी सिफारिस

ङ. मृतकको सामाजिक सुरक्षा भत्ताका लागि हकवालालाई बैकलाई दिने नाता प्रमाणित तथा सिफारिस

च. अपाङ्ग परिचयपत्रका लागि दिईने सिफारिस

३. **अनुसूचि १० को बुँदा नं. १७ को सम्पत्ती मुल्याङ्गनको क लाई संशोधन गर्ने ।**

| | |
|---|---|
| क) १ देखि १० लाख — | रु. ५००। - |
| क.१) १० लाख १ देखि २५ लाख सम्म — | रु. १०००।- |
| ख) २५ लाख १ देखि ५० लाख सम्म- | रु.२२००।- |
| ख.१) ५० लाख देखि १ करोड सम्म — | रु. ३५००।- |
| ग) १ करोड भन्दा माथि — | रु.५०००।- |